(संवत् २०७९ साल कात्तिक मसान्तसम्म भएका संशोधन मिलाइएको)

# आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७

| | | |
|---|---|---|
| | | <u>लालमोहर र प्रकाशन मिति</u> |
| | | २०१७।११।६ |
| <u>संशोधन गर्ने ऐन</u> | | |
| १. | नेपाल ऐनहरु संशोधन गर्ने, खारेज गर्ने र पुनः व्यवस्थित गरी चालू राख्ने ऐन, २०१९ | २०१९।१२।३० |
| २. | आवश्यक पदार्थ नियन्त्रण (अधिकार) (पहिलो संशोधन) ऐन, २०३० | २०३०।१२।११ |
| ३. | न्याय प्रशासन ऐन, २०४८ | २०४८।२।१६ |
| | प्रमाणीकरण र प्रकाशन मिति | |
| ४. | गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६🠸 | २०६६।१०।७ |
| ५. | केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |
| ६. | नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ | २०७५।१।१९ |

२०१७ सालको ऐन नं. २८

2..............

<u>आवश्यक पदार्थ नियन्त्रण अधिकारको व्यवस्था गर्न बनेको ऐन</u>

<u>प्रस्तावना:</u> ➯<u>सर्वसाधारण जनताको सुविधा कायम राख्न</u> समाजको दैनिक चलन, व्यवहार र आहारको लागि चाहिने खाद्यान्न, मालसामानको वितरण, बिक्री र व्यापारमा समय समयमा आवश्यकता अनुसार कडा नियन्त्रण गर्ने अधिकारको व्यवस्था गर्नु वाञ्छनीय भएकोले,

---

🠸 यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

➯ नेपाल ऐनहरु संशोधन गर्ने, खारेज गर्ने र पुनः व्यवस्थित गरी चालु राख्ने ऐन, २०१९ द्वारा संशोधित ।

श्री ५ महाराजाधिराजबाट ➾नेपालको संविधानको धारा ९३ अनुसार यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार तथा प्रारम्भः (१) यस ऐनको नाम "आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७" रहेको छ ।

(२) यो ऐन नेपाल 2.............. भर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

*२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) आवश्यक पदार्थ भन्नाले देहायको कुनै पदार्थ सम्झनु पर्छः–

(१) धान र चामल, मकै, गँहु, कोदो, जौ र तिनको पीठो, मैदा र त्यस्तै किसिमका अरु खाद्यान्न,

(२) रहर, मुगी, मास, मुसुरो, चना, भटमास र तिनको पीठो र त्यस्तै किसिमका अरु खाद्यान्न,

(३) आलस, तोरी, सस्यूँ, तिल र तेल निकाल्नको प्रयोग हुने त्यस्तै अन्य तेलहन र सबै किसिमका तेल,

(४) दूध र दूधबाट तयार हुने खाद्य पदार्थ,

(५) उखु र त्यसबाट पैदा हुने गुड, सखर, चिनी र अन्य त्यस्तै पदार्थ,

(६) सूती वा ऊनी लत्ता कपडा, कपास तथा ऊन,

(७) कच्चा जुट र त्यसबाट तयार भएका वस्तुहरु,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

➾ नेपाल ऐनहरु संशोधन गर्ने, खारेज गर्ने र पुनः व्यवस्थित गरी चालु राख्ने ऐन, २०१९ द्वारा संशोधित ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

* पहिलो संशोधनद्वारा संशोधित ।

(८) मट्टितेल, पेट्रोल, डिजेल र सबै प्रकारका लुब्रिकैण्ट,

(९) फलाम र फलामबाट तयार भएका वस्तुहरु,

(१०) सिमेन्ट, ईंट, जस्तापाता आदि निर्माणको निमित्त आवश्यक पर्ने वस्तुहरु,

(११) सवारी साधनहरु र त्यस्ता साधनहरुको निमित्त आवश्यक टायर, ट्यूव, पार्ट पुर्जाहरु,

(१२) नून

(१३) औषधि

(१४) नेपाल सरकारले समय समयमा सूचित आदेशद्धारा आवश्यक भनी तोकेको कुनै पदार्थ वा वस्तु ।

(ख) "सूचित आदेश" भन्नाले ॥नेपाल सरकारको हकमा नेपाल राजपत्रमा र प्रदेश सरकारको हकमा प्रदेश राजपत्रमा प्रकाशित आदेश सम्झनु पर्छ ।

*३. आवश्यक पदार्थको उत्पादन वा वितरण नियन्त्रण गर्ने अधिकारः (१) कुनै आवश्यक पदार्थको वितरण बढाउन, कायम राख्न वा समान वितरण गराउन वा सुपथ मोलमा प्राप्त गराउन ॥नेपाल सरकार वा प्रदेश सरकार आवश्यक वा उचित ठहराएमा सूचित आदेशद्धारा त्यस्तो आवश्यक पदार्थको तोकिएको ठाउँमा उत्पादन, वितरण वा व्यापारलाई नियमित वा नियन्त्रण गर्न सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपारी त्यस्तो आदशले देहाय बमोजिम गर्न सक्छः–

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

॥ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

* पहिलो संशोधनद्वारा संशोधित ।

(क) कुनै आवश्यक पदार्थको सञ्चय, वितरण, परिवहन, उत्पादन व्यापार उपभोगलाई अनुमतिपत्र जारी गरी वा अरु किसिमबाट नियमित वा नियन्त्रण गर्न,

(ख) कुनै आवश्यक पदार्थको बिक्री गर्ने वा खरिद गर्ने मोल निर्धारण गर्न वा सूचित आदेशद्वारा तोकिएको अधिकारीको स्वीकृति बेगर कुनै आवश्यक पदार्थको प्रचलित मोलमा वृद्धि गर्न नपाउने गरी नियन्त्रण गर्न,

(ग) सामान्यतः बिक्रीको निमित्त राखेको आवश्यक पदार्थलाई बिक्री गर्दिन भनी अड्डी लिनेलाई सो गर्न नदिन,

(घ) आवश्यक पदार्थको सञ्चय गरिराख्ने व्यक्तिलाई त्यस्तो सञ्चित पदार्थको सम्पूर्ण वा तोकिए बमोजिमको हिस्सा वा भाग ॥नेपाल सरकार वा प्रदेश सरकार वा कुनै अधिकारी वा कुनै व्यक्ति वा वर्गलाई तोकिएको ईलाकामा तोकिएको अवस्थामा बिक्री गर्न बाध्य गराउन,

(ङ) सर्वसाधारणको हितको निमित्त आवश्यक देखिएमा कुनै आवश्यक पदार्थ सम्बन्धी व्यापारिक वा आर्थिक कारोवारलाई नियमित वा निषेध गर्न,

(च) माथि उल्लिखित कुनै वा सबै कुरालाई नियमित वा निषेध गर्ने अभिप्रायले समाचार वा तथ्याङ्क सङ्कलन गर्न,

(छ) कुनै आवश्यक पदार्थ सञ्चय गर्ने, वितरण गर्ने वा व्यापार गर्ने व्यक्तिलाई तत्सम्बन्धी अभिलेख (रेकर्ड) र बहिखाताहरु दुरुस्त राख्न र त्यस किसिमका अभिलेख (रेकर्ड) र बहिखाताहरु जाँच पड्तालको निमित्त पेश गर्न वा तत्सम्बन्धी समाचार विवरण दाखिल गर्न लगाउन,

---

॥ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

(ज) कुनै अनुमतिपत्र दिँदा लाग्ने दस्तुर वा त्यस्तो अनुमतिपत्रमा उल्लिखित शर्त बन्देज पालनाको लागि तोकिए बमोजिम धरौटीको रकम दाखिला गराउने र अनुमतिपत्रको कुनै शर्त उल्लङ्घन भएमा धरौटी राखेको रकमको सम्पूर्ण वा केही खण्ड जफत गर्ने र सो प्रयोजनको निमित्त अधिकारी तोक्न,

(झ) कुनै प्रासङ्गिक र पूरक कुराहरुको निमित्त खास गरी गोदाम, गाडी, डुङ्गा, वायुयानभित्र प्रवेश गरी खानतलासी लिने, त्यस्तो खानतलासी लिँदा भेटिएको कुनै वस्तु जसको सम्बन्धमा आदेश उल्लङ्घन गरेको वा उल्लङ्घन हुन लागेको छ भन्ने सो खानतलासी गर्ने व्यक्तिलाई विश्वास भएमा सो वस्तु जफत गर्न,

(ञ) आदेश उल्लङ्घन गरे बापत सजाय गर्दा जफत गरिने पदार्थ तोक्न र

(ट) यस दफासँग सम्बन्धित आवश्यक अन्य कुरा ।

[❋]३क. आवश्यक पदार्थको उत्पादन, वितरण वा व्यापार नियन्त्रण सम्बन्धी मापदण्डः (१) नेपाल सरकारले आवश्यक पदार्थको उत्पादन, वितरण वा व्यापारलाई नियमित वा नियन्त्रण गर्ने सम्बन्धमा आवश्यक मापदण्ड निर्धारण गर्न सक्नेछ।

(२) प्रदेश सरकारले दफा ३ बमोजिम आवश्यक पदार्थको उत्पादन, वितरण वा व्यापारलाई नियमित वा नियन्त्रण गर्दा उपदफा (१) बमोजिम निर्धारित मापदण्डको अधीनमा रही गर्नु पर्नेछ।

❋ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा थप ।

*४. आदेश विरुद्ध कुनै काम गर्नेलाई सजायः (१) कसैले दफा ३ अन्तर्गत निकालिएको आदेश विरुद्ध कुनै काम गरेमा निजलाई पाँच वर्षसम्म कैद वा पन्ध्र हजार रुपैयाँसम्म वा कसूरसित सम्बन्धित पदार्थको बिगोमा जुन बढी हुन्छ सोही अङ्कसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

तर दफा ३ को उपदफा (२) को खण्ड (च) र (छ) बमोजिमको आदेशले तोकेको म्यादभित्र सो आदेशमा लेखिए बमोजिम समाचार, तथ्याङ्क अभिलेख (रेकर्ड) वा विवरण सहित आवश्यक पदार्थको परिमाणको लगत वा बहिखाता तयार नराखे, पेश नगर्ने वा आदेश भए बमोजिम खबर नगर्ने व्यक्तिलाई एक वर्ष भन्दा बढी कैद वा तीन हजार रुपैयाँ भन्दा बढी जरिबाना गर्नु हुँदैन ।

(२) दफा ३ बमोजिम आदेशको विरुद्ध गरेको कसूरसित सम्बन्धित पदार्थ सोही दफा अन्तर्गत निकालिएको आदेशमा जफत गरिने भनी तोकिएको भए सो पदार्थ समेत जफत गरिनेछ ।

५. उद्योग र प्रेरणा बारेः दफा ३ बमोजिम गरिएको आदेशको उल्लङ्घन गर्न प्रयत्न गरेमा सो गर्न दुरुत्साहन गरेमा सो आदेशको उल्लङ्घन गरेको मानिनेछ ।

६. झुट्टा बयान दिएमा सजायः कसैले देहायको कसूर गरेमा 🕮दश हजार रुपैयाँ जरिबाना वा तीन वर्षसम्मको कैद वा दुवै सजाय हुनेछः–

(क) कसैलाई दफा ३ बमोजिम कुनै कुराको बयान या खबर गर्ने आदेश भएकोमा जानी जानी वा जान्नु पर्ने मनासिब माफिकको कारण भैकन पनि झुट्टा कुराको बयान, बकपत्र वा खबर दिएमा, वा

(ख) यो आदेश बमोजिम राख्नु पर्ने कुनै बही हिसाबको कागज, खाता श्रेस्ताका तमसुक, कबुलियत, हिसाब वा अरु कागजात राख्दा झुट्टा वा फरेब गरेको देखिएमा ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

🕮 पहिलो संशोधनद्वारा थप ।

📖६क. सङ्गठित संस्था वा कम्पनीले गरेको कसूरको सजायः (१) यस ऐन बमोजिम कसूर गर्ने व्यक्ति कुनै सङ्गठित सस्था वा कम्पनी भएमा सो कसूर भएको कुरा आफूलाई थाहा थिएन वा सो कसूर थाहा भएन वा सो कसूर रोक्न आफूले सकभर प्रयत्न गरेको थियो भन्ने कुरा प्रमाणित गर्न सकेमा बाहेक त्यस्तो कसूरको लागि सम्बन्धित सङ्गठित संस्था वा कम्पनीको काम कारबाही उपर नियन्त्रण राख्ने निर्देशक, मैनेजर, अन्य कुनै अधिकारी वा व्यक्तिलाई सजाय हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सङ्गठित सस्था वा कम्पनीले गरेको कसूर त्यस्तो सङ्गठित संस्था वा कम्पनीको निर्देशक, मैनेजर वा अरु कुनै अधिकारीको जानाजाना वा लापरवाहीको कारण भएको हो भन्ने प्रमाणित भएमा त्यस्तो निर्देशक, मैनेजर वा अधिकारी पनि यस ऐन बमोजिम सजायको भागी हुनेछ ।

*७. मुद्दा हर्ने अधिकारीः (१) यस ऐन अन्तर्गत सजाय हुने कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार ◎जिल्ला अदालतलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम ◎जिल्ला अदालतले यस ऐन अन्तर्गतको मुद्दाको कारबाही गर्दा विशेष अदालत ऐन २०५९ बमोजिमको कार्यविधि अपनाउने र अधिकार प्रयोग गर्नेछ ।

(३) उपदफा (१) बमोजिम ◎जिल्ला अदालतले गरेको निर्णय उपर उच्च अदालतमा पुनरावेदन लाग्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

📖 पहिलो संशोधनद्वारा थप ।

* पहिलो संशोधनद्वारा संशोधित ।

◎ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

📖७क. <u>नेपाल सरकार वादी हुनेः</u> यस ऐन अन्तर्गत सजाय हुने कसूर सम्बन्धी मुद्दा नेपाल सरकार वादी हुनेछ ❋<u>र सो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची–१*f* मा परेको मानिनेछ</u> ।

८. <u>अधिकार दिनेः</u> ❋(१) ॥<u>नेपाल सरकार वा प्रदेश सरकारले</u> यस ऐन बमोजिम आफूलाई प्राप्त हुने कुनै वा सबै अधिकार सूचित आदेश जारी गरी कुनै अधिकृतलाई सुम्पन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी त्यस्तो आदेशद्वारा ॥<u>नेपाल सरकार वा प्रदेश सरकारले</u> निम्नलिखित अधिकार दिन सक्छः–

(क) कुनै घर, क्याम्पा, डुङ्गा, गाडा वा हवाईजहाजको खानतलासी लिने,

(ख) कुनै पदार्थका सम्बन्धमा यस ऐन बर्खिलाप कसूर गरेको छ भन्ने विश्वास गर्नु पर्ने मनासिब माफिकको कारण छ भन्ने सो अधिकृतले ठहऱ्याएमा निजले सो पदार्थ कब्जा गर्ने र दाखिल गर्ने गराउने,

(ग) कुनै व्यक्तिले यस ऐन बर्खिलाप कसूर गरेको छ भन्ने विश्वास गर्नु पर्ने मनासिब माफिकको कारण छ भन्ने सो अधिकृतले ठहऱ्याएमा सो व्यक्तिलाई गिरफ्तार गर्ने ।

⏭........................

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

📖 पहिलो संशोधनद्वारा थप ।

❋ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा थप ।

*f* केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा रुपान्तर भई मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

॥ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

⏭ पहिलो संशोधनद्वारा प्रतिबन्धात्मक वाक्यांश झिकिएको ।

९. सद्भावनाले गरेको कामको बचाउः दफा ३ अन्तर्गत दिएको आदेश बमोजिम सद्भावनाले गरेको काम वा गर्न आँटेको कामको लागि कुनै व्यक्ति उपर कुनै मुद्दा वा अरु कानूनी कारबाही चलाइने छैन ।

१०. जाहेरवालाले कमिसन पाउनेः यस ऐन बमोजिम ॥नेपाल सरकार वा प्रदेश सरकारबाट निकालिएको आदेश बर्खिलाप गरेकोमा उजूर परी दोषी साबित भई अन्तिम ठहर फैसला भएमा बिगो जफत भएकोमा बिगोको र जफत नभएकोमा असुल भएको दण्डको सयकडा २५ पच्चीस जाहेरवालाले कमिसन पाउनेछ ।

११. प्रचलित नेपाल कानूनसँग बाझिएमा गर्नेः यस ऐनमा लेखिएको जति कुरा यसै ऐन बमोजिम र यस ऐनमा नलेखिएको कुरा जति प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

॥ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

द्रष्टव्यः (१) विशेष अदालत ऐन, २०५९ द्वारा रुपान्तर भएका शब्दहरुः—
"विशेष अदालत ऐन, २०३१" को सट्टा "विशेष अदालत ऐन, २०५९" ।

(२) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरुः
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

(३) न्याय प्रशासन ऐन, २०७३ द्वारा रुपान्तर गरिएका शब्दहरुः-
"पुनरावेदन अदालत" को सट्टा "उच्च अदालत" ।